**आकाशवाणी समाचार- नेपाली**
**मितिः २४ अप्रेल २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार बिहान ११ बजी आकाशवाणीको 'मन की बात' कार्यक्रममा जनतासँग आफ्ना विचार साझा गर्नुहुनेछ।

२. वित्तमन्त्री निर्मला सीतारमण र इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले अनुसूचित वाणिज्य बैंकहरूसँग उच्चस्तरीय बैठक गर्नुभयो।

३. पञ्चायती राज मन्त्रालयले आज नयाँ दिल्लीमा राष्ट्रिय पञ्चायती राज दिवस मनाउँदैछ।

४. बिहारका मुख्यमन्त्री सम्राट चौधरीले आज विधानसभाको विशेष एक दिने सत्रमा विश्वास मत पेश गर्नुहुनेछ।

५. पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदान समाप्त भएपछि निर्वाचन आयोगले नयाँ दिशानिर्देशहरू जारी गरेको छ।

**प्रधानमन्त्री – मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार बिहान ११ बजी आकाशवाणीको 'मन की बात' कार्यक्रममा जनतासँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १३३ औं एपिसोड हुनेछ। यो कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्कमा प्रसारण गरिनेछ। यो आकाशवाणी समाचार, दूरदर्शन समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। थप रूपमा आकाशवाणीले क्षेत्रीय भाषाहरूमा कार्यक्रम प्रसारण गर्नेछ।

**सीतारमण – बैंक समीक्षा**

वित्तमन्त्री निर्मला सीतारमण र इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले अनुसूचित वाणिज्य बैंकहरूसँग उच्चस्तरीय बैठक गर्नुभयो। बैठकको क्रममा आर्टिफिशियल इंटेलिजेंस एआईसँग सम्बन्धित नयाँ खतराहरूको समीक्षा गरियो। वित्तमन्त्रीले एआई-सम्बन्धित खतराहरू नयाँ र गम्भीर छन् भनी बताउनु भयो| त्यसैले, बैंकहरूले अत्यधिक सतर्क र राम्रोसँग तयार रहनु आवश्यक छ। उहाँले बैंकहरूलाई आफ्नो साइबर सुरक्षा पूर्वाधार बलियो बनाउन, विशेषज्ञहरूको सहयोग लिन र आफ्नो प्रणालीहरूको निरन्तर निगरानी गर्न सल्लाह दियो भयो।

यसका साथै बैंकहरूलाई कुनै पनि शंकास्पद गतिविधि वा साइबर आक्रमणको तुरुन्तै सम्बन्धित एजेन्सीहरूलाई रिपोर्ट गर्न र उनीहरूसँग नजिकको समन्वय कायम राख्न निर्देशन दिइएको थियो। वित्तमन्त्रीले ग्राहकको डेटा र बैंकिङ प्रणालीको सुरक्षाको लागि सक्रिय सावधानी अपनाउनु अत्यन्त आवश्यक रहेको कुरामा पनि जोड दिनु भयो।

**नायडू-दिल्ली विमानस्थलमा**

नागरिक उड्डयन मन्त्री राम मोहन नायडूले दिल्ली विमानस्थलमा प्रमुख सरोकारवालाहरूसँग उच्चस्तरीय बैठक गर्नुभयो जसको क्रममा उहाँले 'हब-एन्ड-स्पोक' मोडेल कार्यान्वयन गर्ने तयारीको समीक्षा गर्नुभयो। श्री नायडूले पूर्व र पश्चिमको बीचमा अवस्थित भारतको भौगोलिक स्थानले यसलाई विश्वव्यापी ट्रान्जिट हबको रूपमा उदाउने महत्त्वपूर्ण अवसर प्रदान गर्ने बताउनु भयो। उहाँले भन्नु भयो, यस मोडेलमार्फत उडान योजना अन्तर्गत विकसित साना शहरहरूमा विमानस्थलहरूलाई अन्तर्राष्ट्रिय उडान नेटवर्कहरूसँग राम्रोसँग जोड्न सकिन्छ। यसले यात्रीहरूको समय बचत गर्नेछ र अवस्थित पूर्वाधारको अधिक कुशल उपयोग सुनिश्चित गर्नेछ।उहाँले भन्नु भयो, २०४७ सम्ममा यो पहलले

लगभग १ करोड ६० लाख रोजगारीका अवसरहरू सिर्जना गर्ने र अर्थव्यवस्थामा 1 लाख 40 हजार करोड़ अरब डॉलरभन्दा बढी योगदान गर्ने अपेक्षा गरिएको छ।

**कोइला मन्त्रालय – योजना**

कोइला मन्त्रालयको तत्वावधानमा भारत कोकिङ कोल लिमिटेडले वित्त वर्ष २०२६-२७ को पहिलो त्रैमासिकको लागि नयाँ योजना सुरु गरेको छ। यस योजना अन्तर्गत विद्युत क्षेत्रका उपभोक्ताहरूका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन र नगद छुटको घोषणा गरिएको छ।मन्त्रालयका अनुसार यो योजना **ईंधन आपूर्ति समझौता** र **फ्लेक्सी-लिंकज योजना** अन्तर्गत समेटिएका सबै योग्य विद्युत उपभोक्ताहरूलाई लागू हुनेछ। मन्त्रालयले भनेको छ, प्रोत्साहन रेल र सड़क कुनै पनि माध्यमले उठाए पनि कोइलाको मात्रामा निर्भर हुनेछ। यदि कोइला ओसारपसार तोकिएको त्रैमासिक मात्राको १२० प्रतिशतभन्दा कम रह्यो भने प्रोत्साहन कच्चा कोइलामा मात्र लागू हुनेछ र कुनै नगद छुट प्रदान गरिने छैन। यस योजनाको उद्देश्य उच्च कोइला ओसारपसारलाई प्रोत्साहन गर्नु, यातायात व्यवस्थालाई सुव्यवस्थित गर्नु र विद्युत क्षेत्रलाई लागतमा राहत प्रदान गर्नु हो।

**राष्ट्रिय पञ्चायती राज दिवस**

पञ्चायती राज मन्त्रालयले आज नयाँ दिल्लीमा राष्ट्रिय पञ्चायती राज दिवस मनाउँदैछ। मन्त्रालयले राष्ट्रिय कार्यक्रमको एक भागको रूपमा समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश पढेर सुनाइने बताएको छ। मन्त्रालयले भनेको छ, प्रधानमन्त्रीको सन्देश देशका पञ्चायती राज संस्थाहरू र ग्रामीण स्थानीय निकायहरूका निर्वाचित प्रतिनिधिहरू र पदाधिकारीहरूमाझ प्रसारित गरिनेछ। पञ्चायती राज राज्यमन्त्री एस.पी. सिंह बघेल, मन्त्रालयका सचिव र अन्य वरिष्ठ अधिकारीहरूसहित यस राष्ट्रिय कार्यक्रममा भाग लिनु हुनेछ। मन्त्रालयले थप जानकारी दिएको छ, यस अवसरमा पञ्चायत विकास सूचकांकको प्रतिवेदन र "मेरी पञ्चायत, मेरा धरोहर" (मेरो पञ्चायत, मेरो सम्पदा) विषयवस्तुमा तीन पुस्तकहरू विमोचन गरिनेछ। यो दिन ऐतिहासिक ७३ औं संवैधानिक संशोधन ऐन लागू भएको सम्झनामा मनाइन्छ। यस ऐनले देशमा पञ्चायती राज संस्थाहरूलाई संवैधानिक दर्जा र कानुनी मान्यता प्रदान गरेको छ।

**सरकार - एटीएफ संशोधन**

सरकारले **एविएशन टर्बाइन फ्यूल एटीएफ**लाई नियन्त्रण गर्ने नियमहरूमा महत्वपूर्ण संशोधनहरू ल्याएको छ। अब **सस्टेनेबल एविएशन फ्यूल एसएएफ**सँग मिसाइएको **एटीएफ**लाई पनि नियन्त्रण आदेशको दायराभित्र ल्याइएको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका अनुसार **एस.ए.एफ** एक विशेष प्रकारको इन्धन हो जुन पूर्ण रूपमा सुरक्षित र विमान इन्जिनहरूसँग उपयुक्त छ र यसले इन्धन कार्यसम्पादनमा कुनै प्रतिकूल प्रभाव पार्दैन।अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले पनि एस.ए.एफलाई मान्यता दिएको छ। यो इन्धन फसलहरु, जैविक फोहोर र अन्य वैकल्पिक स्रोतहरूबाट उत्पादन गरिन्छ र यसले ग्रीनहाउस गैस उत्सर्जनमा कमी ल्याउन योगदान पुऱ्याउँछ।विश्वव्यापी आवश्यकताहरूलाई ध्यानमा राख्दै सरकारले पहिले नै अन्तर्राष्ट्रिय उडानहरूको लागि एटीएफमा एसएएफको लागि सूचक मिश्रण लक्ष्यहरू घोषणा गरिसकेको छ| यी लक्ष्यहरू २०२७ मा १ प्रतिशत, २०२८ मा २ प्रतिशत र २०३० मा ५ प्रतिशत तोकिएको थियो। सरकारले यो पहलले भारतलाई स्वच्छ ऊर्जाको दिशामा अगाडि बढाउन र विश्वव्यापी मञ्चमा आफ्नो स्थिति बलियो बनाउन काम गर्ने बताएको छ।

**कृषि सम्मेलन**

कृषि तथा किसान कल्याण मन्त्रालयले आज लखनऊमा उत्तरी क्षेत्र कृषि सम्मेलन आयोजना गर्नेछ। केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहान यस कार्यक्रममा सहभागी हुनु हुनेछ। मन्त्रालयले यो सम्मेलनले कृषिलाई नयाँ विचार, नयाँ प्रविधि र नयाँ बजारसँग जोड्न प्लेटफर्म प्रदान गर्ने बताएको छ। नक्कली कीटनाशक र मल नियन्त्रण गर्ने, मलको कालोबजारी रोक्ने, वितरण प्रणालीमा सुधार गर्ने र तिनीहरूको सन्तुलित प्रयोगलाई प्रवर्द्धन गर्ने जस्ता महत्त्वपूर्ण मुद्दाहरूमा पनि सम्मेलनमा छलफल गरिनेछ।

**बिहार – विश्वास मत**

बिहारका मुख्यमन्त्री सम्राट चौधरीले आज विधानसभाको विशेष एक दिने सत्रमा विश्वासको मत पेश गर्नुहुनेछ। विधानसभा सचिवालयले जारी गरेको आधिकारिक सूचना अनुसार अधिवेशन बिहान ११ बजे सुरु हुनेछ, जुन समयमा मुख्यमन्त्रीले विश्वासको प्रस्ताव प्रस्तुत गर्नु हुनेछ।
सबै मन्त्री र सांसदहरूलाई आ-आफ्नो दलले सदनको कार्यवाहीमा उपस्थित हुन अनुरोध गरेको छ। सम्राट चौधरीले १५ अप्रेलमा मुख्यमन्त्रीको रूपमा शपथ लिनु भएको थियो जसपछि उहाँले विधानसभामा विश्वासको मत प्राप्त गर्न आवश्यक छ।

२४३ सदस्यीय बिहार विधान सभामा सत्तारुढ राष्ट्रिय लोकतान्त्रिक गठबन्धन एनडीएसँग हाल २०१ सदस्यहरू छन्। बाँकीपुरका विधायक नितिन नवीनले राजीनामा दिनु भएपछि पनि यो संख्या १२२ को आवश्यक बहुमत अंकभन्दा उल्लेखनीय रूपमा बढी हो।

**निर्वाचन आयोग - पश्चिम बंगाल दिशानिर्देशहरू**

पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदान समाप्त भएपछि निर्वाचन आयोगले नयाँ दिशानिर्देशहरू जारी गरेको छ। मतदान प्रक्रिया पूरा भएपछि निगरानी क्यामेरा र भिडियो डेटा ह्यान्डल गर्ने सम्बन्धमा कडा निर्देशनहरू जारी गरिएको छ। यी दिशानिर्देशहरू अन्तर्गत मतदान केन्द्रहरूमा जडान गरिएका क्यामेराहरूमा प्रयोग गरिएका एस.डी कार्डहरू मतदान समाप्त भएपछि तुरुन्तै हटाउन सकिँदैन। यी क्यामेराहरू क्षेत्र अधिकारीको निरीक्षणमा रहनुपर्छ। यी एस.डी कार्डहरू तोकिएको डेटा सङ्कलन सहायक निर्वाचन अधिकारीको उपस्थितिमा मात्र हटाउन सकिन्छ। मतदान प्रक्रियाको क्रममा रेकर्ड गरिएका सबै भिडियो फुटेजहरू सुरक्षित र व्यवस्थित रूपमा संरक्षित गरिनुपर्छ। मतदान टोलीका सबै सदस्यहरू वा बुथ स्तर अधिकारीहरू - क्यामेरा उपकरणहरू पूर्ण रूपमा भत्काएर नहटाएसम्म मतदान केन्द्रमा उपस्थित रहन आवश्यक छ।
यसैबीच, मतदानको दोस्रो चरणको वेबकास्टिङको लागि परीक्षण रन आज बिहान १० बजी सुरु हुने तालिका छ। यो अभ्यास तीन फरक चरणहरूमा सञ्चालन गरिनेछ। २९४ सदस्यीय पश्चिम बंगाल विधानसभा चुनावको लागि मतदानको पहिलो चरण हिजो सम्पन्न भयो। दोस्रो चरणको मतदान २९ अप्रेलमा हुने तालिका छ र मतगणना ४ मईमा हुनेछ।

**विदेश मन्त्रालय – सोशल मीडिया-भारतीय**

सामाजिक सञ्जालमा भारतीयहरूको बारेमा गरिएका टिप्पणीहरूको बारेमा विदेश मन्त्रालयले कडा प्रतिक्रिया जनाएको छ। मन्त्रालयले यी टिप्पणीहरू गलत जानकारीमा आधारित अनुपयुक्त र अपमानजनक प्रकृतिका भएको बताएको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भन्नु भयो, यस्ता टिप्पणीहरूले भारत-अमेरिका सम्बन्धको वास्तविकतालाई प्रतिबिम्बित गर्दैनन्, जुन लामो समयदेखि पारस्परिक सम्मान र साझा हितमा आधारित छन्।

**आईपीएल**

आईपीएल क्रिकेटमा चेन्नई सुपर किंग्सले हिजो राति मुम्बईको वानखेडे स्टेडियममा मुम्बई इन्डियन्सलाई १०३ रनले पराजित गऱ्यो। आज रोयल च्यालेन्जर्स बैंगलोरले बेंगलुरुको एम. चिन्नास्वामी स्टेडियममा साँझ ७:३० बजे गुजरात टाइटन्सको सामना गर्नेछ।

***************